मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७७ फागुन ०९ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा
फोन नं. ०२३–५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

◆ वर्ष : २६ ◆ अङ्क : ९२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ फागुन ६ गते बिहीवार (Thursday, February 18. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

## हत्यारा र बलात्कारीलाई कार्वाहीको माग

**झापा, फागुन ५।** किशोरी र महिलाको बलात्कार गरी हत्या गर्नेलाई कार्वाहीको माग गर्दै बुधबार पूर्वी नाका काँकरभिट्टामा विरोध प्रदर्शन गरिएको छ ।

हाम्रो अभियान नामक सामाजिक संस्था र देवकोटा पार्कले पछिल्लो समय बलात्कारपछि हत्या गरिएकी बैतडीकी १७ वर्षीया भागरथी भट्ट, निर्मला पन्तलगायतका हत्याका अपराधीलाई कार्वाहीको माग गर्दै प्रदर्शन गरिएको हो । निर्मला पन्तलाई बलात्कार गरी हत्या गर्ने अपराधीलाई सरकारले उन्मुक्ति दिएकोप्रति चर्को नारावाजी गर्दै शुरु भएको प्लेकार्डसहितको र्‍याली काँकरभिट्टा बजारको परिक्रमापछि कोणसभामा परिणत भएको थियो ।

विरोध प्रदर्शनमा सहभागीहरुले निर्मला पन्त, भागरथी भट्टलगायत बलात्कारपछि हत्या गरिएका किशोरी तथा महिलाको आत्माको चिरशान्तिको कामना गर्दै मौन धारण र दीप प्रज्ज्वलन गरेका थिए । कोणसभालाई हाम्रो अभियानकातर्फबाट नरेश मोहोरा र खगेन्द्र घिमिरेले सम्बोधन गरेका थिए ।

वक्ताहरुले भागरथी भट्टको हत्यामा संलग्न अपराधी भन्दै एक व्यक्तिलाई प्रहरीले पक्राउ गरे पनि ती वास्तविक अपराधी हुन् वा अरु कसैलाई उभ्याइएको भन्नेमा आशंका उब्जिएको बताए ।

कोणसभामा बोल्दै अभियन्ता तथा सञ्चारकर्मी घिमिरेले देशमा पछिल्लोपटक भइरहेका बलात्कारपछि हुने हत्याले चेलीहरु असुरक्षित हुँदै गएको भन्दै सरकारको आलोचना गरे । राजनीतिक शक्तिहरुले कुर्सीका लागि जनतालाई सडकमा उतार्ने गरेको तर, यस्ता विषयमा मौन बस्ने गरेको आरोप लगाए ।

कार्यक्रममा देवकोटा पार्क व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण थापा, युवा समाजसेवी गणेश खरेल, परिवर्तन थिएटरकी अध्यक्ष कविता नेपाल, पत्रकार मोहन काजीलगायतको उपस्थिति रहेको थियो । कोण सभाको सञ्चालन कविन्द्र श्रेष्ठले गरेका थिए ।



### बिर्तामोड उद्योग वाणिज्य संघको निर्वाचन

# दुई प्यानल चुनावी मैदानमा

**कांग्रेस समर्थकको लोकतान्त्रिक व्यवसायिक प्यानल** | **नेकपा र राप्रपा समर्थकको संयुक्त व्यवसायिक प्यानल**





तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**बिर्तामोड, फागुन ५।** फागुन १६ गते हुने बिर्तामोड उद्योग वाणिज्य संघको निर्वाचनका लागि लोकतान्त्रिक व्यवसायिक प्यानल र संयुक्त व्यवसायी प्यानलले छुट्टा छुट्टै उम्मेद्वारी घोषणा गरेका छन् ।

नेपाली कांग्रेस समर्थक व्यवसायीहरुले प्रकाश शिवाकोटीको अध्यक्षतामा लोकतान्त्रिक व्यवसायिक प्यानल र नेकपा तथा राप्रपा समर्थक व्यवसायीले सुवास भट्टराईको अध्यक्षतामा संयुक्त व्यवसायिक प्यानल घोषणा गरेका हुन् ।

लोकतान्त्रिक व्यवसायिक प्यानलको उम्मेदवारमा वरिष्ठ उपाध्यक्षमा राजु न्यौपाने, उद्योग उपाध्यक्षमा सञ्जीव घिमिरे, वाणिज्य उपाध्यक्षमा राजु घिमिरे(राज)जनसम्पर्क महिला उपाध्यक्षमा नैनकला भट्टराई, महासचिवमा रवीन्द्र भट्टराई, उद्योग सचिवमा कुशल खतिवडा, वाणिज्य सचिवमा राजकुमार साह र कोषाध्यक्षमा दीपेन्द्र राउत रहेका छन् भने सहकोषाध्यक्षमा राधिका चुडाल हुमागाँई रहेका छन् ।

त्यस्तै सदस्यहरुमा विशाल थापा, सन्नी गोयल, विकास बस्नेत, दीपक मित्तल, मनोज रौनियार, पुकार बराल, वलराम सिटौला (राम) रहेका छन् । महिला सदस्यमा तिलोत्तमा खत्री र तुलसा ढकाल रहेका छन् ।

उता संयुक्त व्यवसायी प्यानलको उम्मेदवारमा वरिष्ठ उपाध्यक्षमा नारायण चिमरिया, राप्रपाकातर्फबाट उद्योग उपाध्यक्षमा प्रकाश घिमिरे, नेकपाकातर्फबाट वाणिज्य उपाध्यक्ष रामकृष्ण अधिकारी, जनसम्पर्क उपाध्यक्षमा उर्मिला बिमली खरेल, महासचिवमा अर्जुन मैनाली, उद्योग सचिवमा धनबहादुर डाँगी, राप्रपाका तर्फबाट वाणिज्य सचिवमा कृष्ण पौडेल, नेकपाका तर्फबाट कोषाध्यक्षमा दुर्गा थपलिया र राप्रपाकातर्फबाट सह कोषाध्यक्षमा रञ्जु प्याकुरेलको उम्मेदवारी घोषणा गरिएको हो ।

त्यस्तै, नेकपाबाट सदस्य पदमा विसन लिम्बू, गुञ्जन प्रसाईं, गौरीशंकर गुप्ता (टिंकु), भगिरथ लुइँटेल, उदय साह तथा महिला सदस्यमा रुची शिवाकोटी, राप्रपाका तर्फबाट महिला सदस्यमा सोनी अग्रवाल, खुल्ला सदस्यमा सूर्यकुमार खतिवडा र गोविन्द कार्कीको उम्मेदवारी घोषणा गरिएको हो ।

लोकतान्त्रिक व्यवसायिक प्यानलका तर्फबाट २९ वुँदे प्रतिवद्धता सहित उम्मेदवारी घोषणा गरिएको छ भने संयुक्त व्यवसायी प्यानलले २७ बुँदे प्रतिवद्धता-पत्र सार्वजनिक गरेको छ । नेकपा र राप्रपा समर्थक व्यवसायिकहरुको तर्फबाट भएको पत्रकार सम्मेलनमा नेकपा १ नम्बर प्रदेशका इञ्चार्ज देवराज घिमिरे, नेकपा झापा सचिव बिजय साङपाङ, निर्वाचन परिचालन समन्वय समितिका सहसंयोजक वेदप्रकाश अग्रवालले शुभकामना व्यक्त गरेका थिए । कृष्ण पौडेलले स्वागत गरेको कार्यक्रमको सहजीकरण प्रचारप्रसार समितिका संयोजक गोपाल काफ्लेले गरेका थिए ।

यता नेपाली कांग्रेस समर्थक व्यवसायीहरुको उम्मेदवारी घोषणा कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटी, नेपाली कांग्रेस झापाका सभापति उद्धव थापा, कोषाध्यक्ष केशवराज पाण्डे लगायतले उम्मेदवारलाई शुभकामना दिएका थिए ।

नेपाली कांग्रेसका नेता देउकुमार थेवेले उम्मेद्वारको नामावली घोषणा गरेको कार्यक्रमको सञ्चालन बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले गरेका थिए । आज फागुन ६ गते बिहीबार उम्मेदवारको मनोनयन दर्ता गरिने बताइएको छ । आगामी फागुन १६ गते हुने निर्वाचनमा चार हजार पाँच सय ३९ मतदाता रहेका छन् । यसबाहेक ११ जना पूर्वअध्यक्षहरु मतदाता रहने छन् ।

# चिनियाँ लगानीको क्लीन पार्कबिरूद्ध लिम्बुवानको चरणबद्ध बिरोध प्रदर्शन

**शान्ति सुब्बा**

**गौरादह, फागुन ५।** चीनको लगानीमा झापाको गौरादह, दमक र कमलमा औद्योगिक पार्क निर्माणका क्रममा स्थानीयवासीलाई अन्याय गरिएको भन्दै संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र त्यसका घटकहरु चरणवद्ध बिरोध प्रदर्शनमा उत्रिएका छन् ।

मंगलबार झापाको गौरादहमा मञ्चको घटक संघीय लिम्बुवान मञ्च, नेपालको मातहत संगठन लिम्बुवान भोलेन्टियर्स (एलभी) केन्द्रीय कमाण्डले र्‍यालीसहितको विरोधसभा सम्पन्न गरेको छ ।

यसअघि गत पुस १४ गते झापाको दमकमा मञ्चको घटक संघीय लिम्बुवान मञ्च, नेपालले स्थानीय पीडितसहितको सहभागितामा बृहत् र्‍याली सहितको बिरोधसभा गरेको थियो । वृहत् लिम्बुवान पहिचान तथा क्लिन पार्क सरोकार सभा नाम दिइएको विरोध कार्यक्रममा लिम्बुवान कार्यकर्ता तथा स्थानीयको उल्लेख्य संख्यामा सहभागिता थियो । उनीहरुका मुख्य मागमा झापाको गौरादह र दमकका हजारौं बिगाहा जग्गामा बन्न लागेको क्लिन पार्क पीडितहरुले न्यायोचित मुआब्जा प्राप्त नगरेकोले पीडितहरुको गुनासोलाई सम्बोधन गर्न वैज्ञानिक ढंगले मुआब्जा वितरण गर्नुपर्ने, बन्दै गएको क्लीन पार्क पीडितहरुलाई न्यायोचित सम्बोधन गर्नुका साथै उनीहरुलाई रोजगारीको ग्यारेन्टी गर्नुपर्ने रहेको छ ।

त्यस्तै आदिवासी जनजातिको आईएलओ १६९ले प्रत्याभूत गरेको जल, जंगल र जमिनमाथिको हस्तक्षेप बन्द गर्नुपर्ने माग अघि सारिएको संघीय लिम्बुवान मञ्च नेपालका उपमहासचिव तथा सञ्चार प्रमुख दिलकुमार लावतीले बताए । विभिन्न क्षेत्रबाट स्थानीय पीडितसहित पूर्व-पश्चिम राजमार्ग अन्तर्गत लखनपुर पाडाजुँगी चोकमा भेला भएका सरोकारवालाको मोटरसाइकल तथा बस र्‍याली गौरादह तर्फ अघि बढेको थियो ।




गौरादहको पेट्रोलपम्पबाट शुरु भएको र्‍याली बजार परिक्रमापछि बजार विरोधसभामा परिणत भएको थियो । आफ्ना मागसँग सम्बन्धित विभिन्न नारा लेखिएका प्लेकार्ड तथा व्यानर बोकेका सहभागीको र्‍यालीले पीडितलाई न्याय दिलाउन माग गर्दै चर्का नाराबाजीसहित गौरादह बजार परिक्रमा गरेका थिए ।

चिनियाँ लगानी भित्र्याउन स्थानीय सबै राजनीतिक दलका प्रतिनिधि, जनप्रनितिनिधि, स्थानीय बासिन्दालगायतलाई समेटेर छलफल गरी सबैको सहमतिमा लगानीको वातावरण निर्माण गर्न आव्हान गरिए पनि त्यसो नभई सीमित दलको सेण्डिकेटबाट सोझा गरीब नागरिकलाई उठिबास लगाउने काम भएको लिम्बुवान नेताहरुले बताए । र्‍यालीमा सहभागीले प्लेकार्डसहित क्लिन पार्क पीडितको आवाज सुनुवाइ गर, क्लिन पार्क पीडितलाई न्यायोचित मुआब्जा वितरण गर, क्लिन पार्कको वास्तविकता सार्वजनिक गर जस्ता नारा लगाएका थिए । पार्क निर्माणको काम अपारदर्शी भएको र जनतालाई गुमराहमा राखिएको बताइएको छ । क्लिनपार्क सञ्चालनमा सर्वदलीय समिति गठन गर्नुपर्ने, जग्गाधनीहरुसँग वार्ता गरी क्षतिपूर्तिको समस्या समाधान हुनुपर्ने, क्लिन पार्कमा के निर्माण हुन आँटेको हो, त्यसबारे श्वेत पत्र जारी गर्नुपर्ने लगायतका माग लिम्बुवानले अघि सारेको छ ।

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च तथा लिम्बुवान मञ्च, नेपालका अध्यक्ष कुमार लिङ्देन मिराकका अनुसार गौरादह र दमक जोडिएर बन्न लागेको अर्बौंको क्लिन पार्कले यहाँका आदिवासी जनजातिको जल, जमिन र जंगलमाथिको आईएलओ १६९ले दिएको अग्राधिकारलाई वेवास्ता गरिएको छ । उनले भने- त्यस क्षेत्रमा भएका हजारौं हेक्टर जमिनलाई न्यूनतम् मूल्य कायम गरी वर्तमान सरकारको निर्देशनमा जनतालाई सुकुम्बासी बनाउने र केही व्यक्ति रातारात अर्बपति हुने षड्यन्त्रबिरुद्ध मञ्चले बिरोध गरेको हो, विरोध जारी रहनेछ । 'मुआब्जाको नाममा पार्क बनाउन सोझा-साझा स्थानीय जनतामाथि ठगी भएको छ, सीमित व्यक्ति मोजमा छन्, त्यसकारण चीनको लगानी खेर जान्छ'- लिम्बुवान नेताहरुको भनाइ थियो । आफूहरु विकास विरोधी नभए पनि पीडितले उचित क्षतिपूर्ति नपाए त्यस सम्वन्धी काम हुन नदिने लिम्बुवान नेताहरुले बताए ।

नेकपा सरकारले विकासको नाममा संघीयताको मर्म विपरीत, भौगोलिक विविधतालाई वेवास्ता गर्दै आदिवासी जनजातिहरुले संरक्षण गर्दै आएका प्राकृतिक सुन्दरताको दोहन गर्ने प्रयासहरु दिनदिनै हुन थालेकोमा मञ्चले विगतदेखि नै आपत्ति जनाउँदै आएको बताइएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र धर्म निरपेक्ष नेपालमाथिको आक्रमण बन्द गर्नुपर्ने, लिम्बुवान लगायत पहिचानको आधारमा प्रान्तहरु र विशेष स्वायत्त क्षेत्र घोषणा गर्नुपर्ने लगायतका १५ बुँदे माग लिम्बुवानले अघि सारेको छ ।

विरोध सभामा मञ्चका केन्द्रीय अध्यक्ष लिङ्देन, वरिष्ठ उपाध्यक्ष ज्ञानबहादुर गुरुङ, उपाध्यक्ष ज्ञानुहाङ इम्बुङ, उपमहासचिव भानु भट्टराई, संघीय दलित मुक्ति मञ्चका अध्यक्ष रमेश गजमेर, उपाध्यक्ष बलराम रिषिदेव, महासचिव शर्मिला पासवान, क्लिन पार्क मुआब्जा पीडित संघर्ष समितिका संयोजक खगेन्द्र भट्टराई लगायतले बोलेका थिए । एलभीका केन्द्रीय सहकमाण्डर राजु राईको अध्यक्षतामा भएको कार्यक्रममा उपकमाण्डर बादल राईले स्वागत र गणेश मिभकले सञ्चालन गरेका थिए ।

चीन सरकारले औद्योगिक पार्क निर्माणका लागि कूल ६५ अर्ब लगानी गर्ने गरी सम्झौता भएको छ । दमक, गौरादह नगरपालिका र कमल गाउँपालिकाको कूल २१ सय बिगाह क्षेत्रमा वातावरणमैत्री औद्योगिक पार्क निर्माण प्रक्रिया अघि बढाइएको छ । पार्कलाई दक्षिण एशियाकै ठूलो भनिएको छ । उक्त कार्य गर्दा सबै सरोकारवालाहरूसँग बसेर सबैका गुनासा सुनेपछि उचित सहमतिका आधारमा अघि बढ्ने प्रतिबद्धता जनाइए पनि त्यसो नभएको जनाइएको छ । दमक क्लिन इण्डष्ट्रियल पार्क प्रालिको नामबाट प्रधानमन्त्री केपी शर्मा ओलीको निर्वाचन क्षेत्र झापा ५मा करिब २२ सय बिगाह जग्गामा पार्क बन्न लागेको हो ।

बाथरोग सम्बन्धी जुनसुकै समस्याको लागि
**डा. लवराज लोहनी**
M.B.B.S MD. (NAMS)
Fellowship in Rheumatology
AIIMS New Delhi
NMC No. 11300
वरिष्ठ बाथरोग विशेषज्ञको अब दैनिक सेवा
**सनसाइन मेडिसिन सेन्टर**
भद्रपुर रोड, बिर्तामोड नपा–४, झापा
(सानिमा बैंक अगाडि) सम्पर्क नं. ०२३–५३४१३२

**कर्मचारी तु-आवश्यकता**

यस होटल हेवन ग्राण्डलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पदः हेड कुक– २ जना | रुम ब्वाई– २ जना
वेट्रेस– ३ जना | वेटर– ३ जना
असिस्टेन्ट कुक– २ जना | डिस वासर– २ जना

*नोटः सम्बन्धित काममा दक्ष हुनुपर्नेछ ।*

सम्पर्कः ०२३–५४०६२५, ५४०४८२

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार । **सम्पर्क : ९८०६०००३१३/०२३–५९०१६६**

**पायल्स तथा फिस्टुलाको उपचार**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **फागुन ७ र ८ गते** काठमाडौंबाट आउनुहने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

**ॐ धनवन्तरी आयुर्वेद क्लिनिक**
बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३–५४०५३०, ९८५२६७३१७३)

पूर्वाञ्चल

## सम्पादकीय

# कार्यान्वयनमा जोड देऊ

विकास निर्माणका कामहरु यथासमयमा सम्पन्न नहुने परम्परा नै हो । कामको जिम्मा लिने, थाल्ने र बीचमै अलमलिने प्रवृत्तिलाई नियामक निकायले नियन्त्रण गर्न नसक्दा परम्परा जस्तै बनिएको यस्तो रोग कुनै एक क्षेत्रमा मात्र होइन, सम्पूर्ण योजना–आयोजनामा यथावत छन् । पहिलो जनआन्दोलनपछि गठन भएको सरकारले काकाकुल बनिएका राजधानीबासीलाई मेलम्चीको पानीले प्यास मेटाउने आश्वासन दिएको थियो । त्यसबेला प्रारम्भ भएको आयोजना तीन दशकमा पनि पूरा नहुँदा खानेपानीको हाहाकार राजधानी काठमाडौंमा झनै बढेको छ । त्यसयता बनिएका हरेक सरकारको कागजी प्राथमिकतामा रहेको मेलम्चीको सपनाले कहिले मूर्तरुप लिन्छ– सुख्खा घाँटी लिएर प्रतिक्षारत् छन् काठमाडौंबासी ।

प्रत्येक दलले निर्वाचनताका अनेक प्रतिबद्धता जनाउँछन्, कतिपय आशा देखाउँछन् । सोझा मतदाता अनुहार फेरिएको ठानेर शायद फेरि पत्याउँछन्, मत दिन्छन् तर परिणाम विगतकै पुनरावृत्ति मात्र । यस्तै सडक, ढल, स्तरोन्नति, शिक्षालय, स्वास्थ्य सेवा लगायतका पूर्वाधारहरुको निर्माणको घोषणा गरिन्छ । तर, तिनको सम्पन्नता कि हुँदै हुँदैनन् भए पनि निर्माणाधीन रहन्छन् । त्यही रोगले झापा भद्रपुरका बासिन्दा ग्रस्त छन् । त्यसो त यो भद्रपुर नगरपालिकाको मात्र तस्विर होइन, झापाका सबै पालिकाहरुमा कुनै न कुनै, कतै न कतै यही समस्या छ । बिर्तामोड मै पनि जिम्मा लिएर असरल्ल छाड्ने प्रवृत्ति जरो गाडेर बसेको छ । सदरमुकाम जोड्ने एकमात्र प्रमुख मार्गको बिर्तामोड–गरामनी सडकखण्डमा सम्झौता भएको समयावधि पूरा भइसक्दा पनि निर्माणको काम अधुरो रहँदा स्थानीयबासी, पैदलयात्रीसँगै आवागमन गर्ने जो कोही प्रदुषणको कहर खप्न बाध्य छन् ।

भद्रपुर झापाको पहिलो नगरपालिका हो । अन्यत्रको तुलनामा यसकारण यो महत्वको छ कि भद्रपुर नै जिल्लाको सदरमुकाम हो । जिल्लास्तरीय प्रशासनिक निकाय, सुरक्षा तथा प्रशासनसँगै हवाई यातायातको सेवा उपलब्ध भएका कारण पनि भद्रपुर जिल्लाकै संवेदनशील र सर्वाधिक महत्वको ठाउँ हो । तर, त्यही क्षेत्रमा सडक विस्तार तथा विकासमा भइरहेको लापरवाही स्थानीयबासीका लागि टाउको दुखाइको विषय बनिएको छ । सरकारको सघन शहरी विकास कार्यक्रम अन्तर्गत नालासहितको कालोपत्रे सडक निर्माण कार्यमा भइरहेको ढिलासुस्तीबाट आजित स्थानीयबासीले जिल्ला प्रशासन कार्यालय तथा सरोकारी निकाय समक्ष प्रतिनिधि मण्डल नै पठाएर दवाव दिए । दुई वर्षमा सम्पन्न गर्ने गरी ०७४ सालमा गरिएको ठेक्का सम्झौता अर्को एक वर्षमा पनि पूरा नभएर स्थानीयको चर्को विरोधपछि ठेकेदार कम्पनीसँग छ महिना थप गरी अर्को सम्झौता भएको छ । समयमा निर्माण नहुँदा स्थानीयलाई आवागमनमा त समस्या छँदैछ, धुलोले स्वास्थ्यमा गम्भीर असर पारिरहेको छ । यस्तो समस्या र ठेकेदार कम्पनीको लापरवाहीप्रति सम्बद्ध निकाय कठोर रुपमा प्रस्तुत हुनैपर्छ । अन्यथा जनताको जीवन झनै कष्टकर हुनेछ र त्यसले उन्पन्न गर्ने आक्रोश विद्रोहमा बदलिन बेर लाग्दैन । त्यसले अन्ततः स्थानीयदेखि संघीय सरकारको उपस्थितिमै सवाल जन्मिन सक्छ ।

# युवा शक्तिको दुरुपयोग



रबिना मैनाली

युवा भनेको किशोर अवस्थादेखि वयस्क अवस्थासम्म मात्र होइन, युवा भनेको एउटा तागत, ऊर्जा, विचार, विवेक, भविष्य हो । र, यो हरेक देशको सबैभन्दा ठूलो पुँजी र सम्पत्ति हो । देशलाई कुन बाटोमा र कसरी अगाडि लैजाने भन्ने विषयमा युवा शक्तिको ठूलो भूमिका रहेको हुन्छ । युवा शक्ति राजनीतिक, सामाजिक र आर्थिक बिकास र परिवर्तनका संवाहक हुन् । जबसम्म कुनै पनि ठाउँ, देशमा युवा जागरूक हुँदैनन्, युवा ऊर्जावान, गतिशील र सक्रिय हुँदैनन् तबसम्म देशको बिकास र उन्नति हुन असम्भव छ । तसर्थ, युवा विकास र गतिशील हुन देशको लागि अत्यन्तै महत्वपूर्ण छ ।

युवा शक्ति र ऊर्जाको राजनीतिक परिवर्तन र देश निर्माणमा ठूलो योगदान रहेको हुन्छ । हाल नेपालमा ४०.३५५ युवा जनसंख्या छ । विश्व रेकर्डमा हेर्ने हो भने नेपाल ७७औं नम्बरमा रहेको छ । यो भारी संख्यामा युवा भएको देश अब पनि देश निर्माण र विकासमा ढिला नहुनुपर्ने हो, तर दुर्भाग्यवस यहाँ १९.२५ युवा पुर्णरुपले वेरोजगार छन् भने पढे-लेखेका वेरोजगार युवा २६.१५ रहेका छन् । देशको अस्थिर राजनीतिले यो भारी संख्याको युवा शक्तिमा एउटा युवा अन्यौलता पैदा गरेको छ । देशमा बसेर केही गरौं भन्ने वातावरण नभएको हुनाले बाहिरी मुलुकमा गएर श्रम बेच्न बाध्य छन् । लाखौं संख्यामा हरेक वर्ष देश छोडेर युवा विदेश पलायन हुनुमा प्रमुख कारण देशको अस्थिर राजनीति हो ।

प्राकृतिक श्रोत साधनले भरिपूर्ण, अथाह सम्पत्ति भएको यस्तो राष्ट्र विश्वमा पुरानो इतिहास बोकेर कला र सभ्यताको पाठ सिकाउने देश अझै पनि विकास र समृद्धिको बाटो ढुकेर नै बसिरहेको छ । यहाँका गल्ली-गल्ली, बाटो-घाटो, वन-जङ्गल हरेक ठाउँमा पाइलैपिच्छे अन्याय भेटिन्छन् । हजारौं किसिममा समस्या र गुनासोहरु भेटिन्छन् । यहाँ कसैलाई कसैको मतलब छैन । म गर्छु भनेर आश्वासन दिनेको कमी भने छैन । तर, जति आए सबैले भाषण मा नै सिमित राखेर गए । यहाँ सोझा र आशावादी जनताहरु भने हरेक पटक छलिए । देशमा भएका विकास निर्माणका काम र देशको अर्थतन्त्र हेर्दा जनताका सपना र चाहनाहरु माथि पानी फिरेको स्पष्टसँग दूधको दूध पानीको पानी छुट्याउन सकिन्छ ।

यहाँ रुँने रोइरहेका छन्, कराउने कराइरहेका छन्, खाने खाइरहेका छन् । ठग्नेले ठगी रहेको छ । देशले एउटा सही दिशा र बाटो लिन नसकेकोले आज देश चलाएर अगाडि लैजाने व्यक्ति र निःस्वार्थ नेतृत्व गरेर देशको सेवा गर्न सक्ने क्षमता भएको नेता आजसम्म यो देशले कोही भेटेन । एउटा आँखा नदेख्ने व्यक्तिले बाटो देखाउने काम गर्छ भने त्यहाँ सबै खाडीमा गिर्नु तय हुन्छ । एउटा सही नेतृत्व गर्ने नेता विभिन्न समस्याहरुसँग जुध्छ, लड्छ तर समस्यालाई देश र जनताको सुख-शान्ति खोस्न दिएर समस्यालाई जित्न दिँदैन । उसमा जनताका समस्या र दुःख-पीर बुझ्न सक्ने खुबी हुनु पर्दछ । बोलेर मात्र होइन काम गरेर देखाउन सक्ने साहस हुनु पर्दछ । त्यसैले सही नेतृत्व गर्नेलाई चुनौती छ भने सही नेतृत्व गर्नेको पर्खाइमा देश सिकिस्त बिरामी भएको छ । यस्ता हजारौं समस्याका बीचमा एउटा प्रमुख समस्या युवा शक्तिमा बढ्दै गएको राम्रोसँग अड्कल गर्न सकिन्छ । युवामा भएको ऊर्जा र विवेक यतिखेरको परिस्थितिमा अन्यौलतामा रहेको छर्लङ्ग देखिन्छ ।

संसद विघटन पश्चात् भएका गतिविधि र क्रियाकलापले युवा समूहमा अब के गर्ने भन्ने प्रश्न झन् बढेर गएको छ । सही ठाउँ र सही समयमा युवा ऊर्जा र विवेकलाई राष्ट्रले विकास र समृद्धिमा प्रयोगमा ल्याउनुपर्नेमा देशमा अशान्ति र अराजक गतिविधिलाई जन्म दिएर युवा शक्तिलाई गलत ढङ्गले प्रयोग गरिरहेको छ । देशमा भएका गलत काममा आवाज उठाउनु कदापि गलत होइन, तर देश बन्द, हड्ताल जस्ता विवेकहीन काममा युवा शक्तिले आफूलाई खर्चिनु सही मान्नु र एउटै ड्याङका मुला भन्ने उखान सरह सबै पछि लागेर स्वर मच्चाउनु भनेको देशमा अशान्ति पैदा गर्नु मात्र हो । वर्तमान अवस्थामा युवाशक्तिको विकास होइन दुरुपयोग भइरहेको अब स्वयम् युवाले बुझ्न जरुरी छ । युवा शक्तिको सही प्रयोग नहुनु भनेको देश अझ ओरालो लाग्नु हो । त्यसैले जहाँ प्रमुख शक्ति या भनौं समृद्धिको मेरुदण्ड नै युवा हो जो आजको समयमा अन्यौलता रहेको छ त्यहा विकासको आशा गर्नु भनेको डोकोमा दूध दुनु बराबर हो ।

अब हरेक युवाले अहोरात्र खट्नै पर्छ । सत्ता र कुर्सीको पछि लाग्ने नेताको पछि-पछि दगुर्ने होइन । युवा शक्ति आफै जागरूक हुने बेला आएको छ । श्रम बेच्न विदेशिनु ठूलो उपलब्धि र प्रगति हो भन्ने भ्रमबाट निस्केर देशप्रतिको कर्तव्य र दायित्वलाई पनि सम्झिने बेला आएको छ । त्यसैले अब हरेक युवाले राष्ट्र प्रेमलाई बन्द, हड्ताल, जुलुस गरेर होइन, आफूले नेतृत्व गरेर या सही काम गर्ने, सही व्यक्ति चुनेर देश प्रेम दर्शाउनु पर्दछ । अब युवाले युवा शक्तिलाई दुरुपयोग हुनबाट जोगाउनु पर्दछ ।



## सि.के. स्मृति दिवसको तयारी

**बिर्तामोड, फागुन ५।** समाजवादी चिन्तक स्व. सि.के. प्रसाईको स्मृतिमा स्थापित सि.के. चिन्तन प्रतिष्ठानले शैक्षिक क्षेत्रमा बार्षिक ५० हजार रुपैयाँ सहयोग गर्ने भएको छ ।

निर्माणाधीन सामुदायिक विद्यालय, विद्यार्थीको शैक्षिक विकास तथा विविध क्षेत्रमा खर्चने गरी झापाका सामुदायिक विद्यालयमा सहयोग गर्ने लक्ष राखिएको प्रतिष्ठानका संरक्षक विवेककेशरी प्रसाईले जानकारी दिए ।

प्रतिष्ठानका अध्यक्ष टिका प्रसाईको अध्यक्षतामा संरक्षक प्रसाई, सल्लाहकार उद्धव थापा लगायतको सहभागितामा सम्पन्न प्रतिष्ठानको बैठकले यही फागुन ८ गते सि.के. स्मृति दिवस मनाउने निर्णय गरेको हो । उक्त दिवसका दिन सि.के. प्रसाईका समकालीन तथा राष्ट्र पुकार पत्रिकाका सम्पादक होमनाथ दाहाललाई सम्मान गरिने बताइएको छ ।

प्रतिष्ठानका सल्लाहकार उद्धव थापाले सि.के. चिन्तन प्रतिष्ठानलाई प्रजातान्त्रिक समाजवादको एकेडेमिक कलेज बनाउने उद्देश्य रहेको बताए । बैठकले सामाजिक व्यक्तित्वहरु खगेन्द्र प्रसाई र राजकुमार पोखरेललाई प्रतिष्ठानको सल्लाहकारमा चयन गरेको महासचिव लक्ष्मी आचार्यले जानकारी दिए ।

## सरसफाईसहित डस्टवीन राखियो

**बर्ने, फागुन ५।** बुद्धशान्ति गाउँपालिका-४ देवीबस्तीमा रहेको जनजागरण युवा समूहको आयोजनामा सरसफाई कार्यक्रमसहित डस्टवीन राखिएको छ ।

'आफ्नो गाउँ आफैं बनाऔं' भन्ने मूल नाराका साथ देवीबस्ती गाउँको सरसफाई गरिएको हो । उक्त स्थानमा सरसफाईसहित बुद्धशान्ति गाउँपालिकाबाट प्राप्त रकमले २० वटा डस्टवीन र १० वटा गमला राखिएको जनजागरण युवा समूहका अध्यक्ष दिपेन विश्वकर्माले जानकारी दिए । उनले हरेक हप्ताको शनिबार बिहानीको समयमा गाउँ सफा गर्ने गरेकाले गाउँ पहिलेको भन्दा धेरै सुन्दर देखिएको जानकारी दिए ।

त्यस्तै वातावरण स्वच्छ राख्न युवा मात्र नभएर स्थानीयबासीको पनि अहम् भूमिका रहने हुनाले यस्ता कार्यक्रम अपरिहार्य भएको स्थानीयबासी बताउँछन् ।

## सीता-भवानी खरेल अक्षयकोषबाट विद्यार्थी पुरस्कृत



**बिर्तामोड, फागुन ५।** बाह्रदशी-५ घोडामारा आधारभूत विद्यालयमा स्थापना गरिएको सीता-भवानी खरेल अक्षयकोषबाट चार जना विद्यार्थी पुरस्कृत भएका छन् ।

विद्यालयको ३८औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा उनीहरुलाई पुरस्कृत गरिएको हो । यसरी पुरस्कृत हुने विद्यार्थीहरुमा सवि लिम्बू, दिपक पण्डित रहेका छन् । उनीहरुलाई जनही चार हजार रुपैयाँ र प्रमाण पत्र प्रदान गरिएको थियो । त्यस्तै राजवंशी समुदायबाट उत्कृष्ट हुने सरिता राजवंशी र सन्थाल समुदायबाट उत्कृष्ट हुने आशिक हास्दा रहेका छन् । उनीहरुलाई जनही दुई हजार रुपैयाँ र प्रमाण पत्र प्रदान गरिएको थियो ।

बाह्रदशी-५ घोडामारा निवासी भवानीप्रसाद खरेल र सीतादेवी खरेलले २०७१ सालदेखि घोडामारा आधारभूत विद्यालयमा एक लाख रुपैयाँको सीता- भवानी खरेल अक्षयकोष स्थापना गरी त्यसको व्याजबाट कक्षा ८ को वार्षिक परीक्षामा उत्कृष्ट हुने एक छात्र र एक छात्रालाई सीता-भवानी खरेल अक्षयकोषबाट पुरस्कृत गरिँदै आएको अक्षयकोषका दाता तुलसीराम खरेलले जानकारी दिए ।

उक्त अक्षयकोषमा थप ५० हजार रुपैयाँ थप गरी त्यसको व्याजबाट कक्षा ८ को वार्षिक परीक्षामा उत्कृष्ट हुने यस वर्षदेखि राजवंशी र सन्थाल समुदायबाट उत्कृष्ट हुने एक-एक जना विद्यार्थीलाई पुरस्कृत गरिएको उनले जानकारी दिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यामकुमार मैनालीको अध्यक्षता तथा बाह्रदशी गाउँपालिकाका अध्यक्ष खड्गप्रसाद राजवंशीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा शिक्षक दिलिप श्रेष्ठले स्वागत गरेका थिए ।

कार्यक्रममा सीता-भवानी खरेल अक्षयकोषका संस्थापक भवानी र सीता, प्रमुख अतिथि राजवंशी लगायतले विद्यार्थीलाई नगद र प्रमाणपत्र प्रदान गरेका थिए । कार्यक्रममा अक्षयकोषका दाता तुलसीराम खरेल, बाह्रदशी-५ का वडाध्यक्ष भूपेन्द्र कटुवाल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

विद्यालयका चन्दादाता, जग्गादाता, विद्यालय व्यवस्थापन समितिका पूर्व पदाधिकारी लगायतलाई सम्मान गरिएको कार्यक्रममा शिक्षक लता खरेलले कविता, विद्यार्थी सफलता फुँयालले गीत र अन्य विद्यार्थीले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन प्रधानाध्यापक लालबहादुर राजवंशीले गरेका थिए ।



# सम्पत्ति लिलाम बिक्री गरिने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

तपशिलमा उल्लेखित यस साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाका केही ऋणी सदस्यहरुले यस संस्थाबाट लिएको कर्जाको साँवा तथा हर्जाना तथा अन्य दै-दस्तुर संस्थासँग गरेको शर्त समझौता बमोजिम तिर्न बुझाउनुपर्ने रकम नतिरी, नबुझाई कर्जा सम्बन्धी शर्त तथा कबुलियतको उल्लंघन गरेको र संस्थाले पटक-पटक लिखित तथा मौखिक स्थलगत भेटघाट आदिबाट सम्झाई-बुझाई गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएको हुँदा अन्तिम पटक मौका स्वरुप धितोमा रहेको सम्पत्ति लिलाम गरी अशुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ, यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण रकम बुझाई फरफारक लिन हुन अनुरोध छ । सो अवधिसम्म पनि कर्जा चुक्ता हुन नआएमा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ तथा बैंक तथा वित्तीय संस्था ऐन, एवं संस्थाको कर्जा अशुली सम्बन्धि नियमावली २०७४ बमोजिम धितोमा रहेको तपशिलमा उल्लेख भए अनुसारको अचल सम्पत्ति लिलाम बिक्री गरी संस्थाको आफ्नो लेना रकम अशुल उपर गरी लिने व्यहोरा यसै सूचना मार्फत सम्बन्धित ऋणी सदस्य, जग्गा धनी साथै जमानत बस्ने व्यक्तिहरु लगायत सम्बन्धित अन्य पक्षहरुलाई समेत जानकारी गराइन्छ । साथै तपशिल बमोजिमको सुरक्षण वापतको सम्पत्ति जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी कर्जा अशुल उपर गर्नुपर्ने भएकोले सो लिलाम बिक्रीमा उक्त सम्पत्ति सकार गरी लिन इच्छुक संघ-संस्था, कम्पनी तथा महानुभावहरुलाई समेत जानकारीका लागि अनुरोध गरिन्छ । साथै धितोमा रहेको तपशिलमा उल्लेखित अचल सम्पत्तिबाट संस्थाको सम्पूर्ण लेना रकम अशुल उपर हुन नसकेमा, प्रचलित ऐन अनुसार जमानतकर्ता, निजका एका सगोल परिवारका नाममा रहेको अन्य चल-अचल सम्पत्तिबाट अशुल उपर गरिने छ ।

| ऋणिको विवरण | | व्यक्तिगत जमानी दिने | जग्गाको विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | जग्गाधनीको नाम | ठेगाना | कि. नं. | क्षेत्रफल |
| कर्जा शीर्षक : **व्यवसायिक कर्जा**<br>नाम : रुची अग्रवाल<br>ना.प्र.नं. : १५८२ अंगिकृत, झापा<br>पति : अनिल अग्रवाल<br>बाबु : रोशनलाल अग्रवाल<br>ठेगाना : बिर्तामोड नपा-४, झापा |  | नाम : अनिल अग्रवाल<br>ना.प्र.नं. : ११२८०२०८९, झापा<br>पति : डुगरमल अग्रवाल<br>बाबु : वेदप्रकाश अग्रवाल<br>ठेगाना : बिर्तामोड नपा, वडा नं. ४ | रुची अग्रवाल+अनिता शर्मा<br>पति :अनिल अग्रवाल<br>बाबु : रोशनलाल अग्रवाल | साविक घैलाडुब्बा-१<br>हाल कन्काई नपा ७ | १४३६ र<br>४०४० | ०-४-१६७५<br>०-०-७.७५ जम्मा पाँच कठ्ठा साढे चार धुर |
| कर्जा शीर्षक : **व्यवसायिक कर्जा**<br>नाम : अनिता शर्मा<br>ना.प्र.नं. : १६७५ अंगिकृत, झापा<br>पति : भाष्कर शर्मा<br>बाबु : कन्हैयालाल तिवारी<br>ठेगाना : बिर्तामोड नपा-४, झापा |  | नाम : रुची अग्रवाल<br>ना.प्र.नं. : १५८२ अंगिकृत, झापा<br>पति : अनिल अग्रवाल<br>बाबु : रोशनलाल अग्रवाल<br>ठेगाना : बिर्तामोड नपा, वडा नं. ४ | रुची अग्रवाल+अनिल शर्मा<br>पति : अनिल अग्रवाल<br>पति : भाष्कर शर्मा<br>बाबु : रोशनलाल अग्रवाल<br>बाबु : कन्हैयालाल तिवारी | साविक घैलाडुब्बा-१<br>हाल कन्काई नपा ७ | ४०४१ | ०-२-३.२५<br>ज.वि. दुई कठ्ठा साढे चार धुर |

**बोलपत्र सम्बन्धी शर्तहरु :**

१) यो सूचना प्रकाशन भएको ३५ दिनभित्र असुल उपर नभएमा ३६औं दिन वा सार्वजनिक विदा भएमा सो को भोलिपल्ट दिनको ११बजेदेखि ३ बजेसम्म बिर्तामोड-१ स्थित संस्थाको मुख्य कार्यालयमा सरकारी प्रतिनिधिहरुको रोहबरमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ ।
२) लिलाममा लाग्ने सम्पूर्ण खर्च ऋणी स्वयम्ले नै व्यहोर्नुपर्नेछ ।
३) लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिले आफ्नो कबुल गरेको रकमको १० प्रतिशत ले हुन आउने रकम नगदै धरौटी वापत तत्काल संस्थामा जम्मा गर्नुपर्नेछ । धरौटी रकममा ब्याज दिइने छैन ।
४) रकम कबुल गर्दा कबुल गर्ने व्यक्तिले कुनै पनि शर्त राख्न पाउने छैन ।
५) लिलाममा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिलाई धितोमा रहेको सम्पत्ति बिक्री गर्ने/नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार संस्थासँग सुरक्षित छ ।
६) लिलामीमा भाग लिई स्वीकृति पाएको मितिले १५ दिनभित्र धरौटी बाहेकको रकम संस्थामा बुझाई सम्पत्ति नामसारी गरी नलिएमा धरौटी वापतको रकम जफत हुनेछ ।
७) सहकारी ऐन, नियमावली तथा संस्थाको कर्जा नीति, नियम अनुसार लिलाम गर्नुपर्ने, जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्था स्वयम्ले नै उक्त सम्पत्तिको स्वामित्व आफूमा लिनेछ ।
८) अचल सम्पत्ति सकार गरी लिनेले दा.खा. नामसारी गर्न लाग्ने लगायतका शुल्कहरु निज स्वयम्ले व्यहोर्नुपर्नेछ ।
९) लिलाम बिक्री हुने अचल सम्पत्तिहरुको सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले संस्थामा सम्पर्क राख्न सक्नुहुनेछ ।
१०) अन्य कुरा प्रचलित नियम कानून अनुसार हुनेछ ।

**ऋण उप-समिति, साना मझौला व्यवसायी साकोस, बिर्तामोड, झापा**

## कनकाई घाट संस्था, कनकाई नगरपालिका-४, कोटीहोम

# नामावली अभिलेख सम्बन्धी जरुरी सूचना

कनकाई घाट निर्माणार्थ सहयोग गर्ने दाताहरुको नामावली अभिलेख स्तम्भ निर्माण भइरहेको र दाताहरुको नाम संगमर्मरमा लेख्ने निर्णय अनुरुप तपसिलका संस्थापक, मानार्थ, संरक्षक, विशिष्ट संरक्षक, आजीवन तथा साधारण सदस्यहरुलाई आफ्नो नाम र ठेगाना गलत भएको भए सच्याउन संस्थाको कार्यालयमा सम्पर्क गर्नका लागि अनुरोध छ। साथै मानार्थ, संरक्षक, विशिष्ट संरक्षक, आजीवन तथा साधारण सदस्य बन्न इच्छुक दाताहरुको लागि २०७७ साल चैत्र मसान्तसम्म खुल्ला गरिएको र सो समयावधिभित्र सदस्य बन्नुहुने दाताहरुको नाम समेत अभिलेख स्तम्भमा लेखिने पनि जानकारी गराइन्छ।

**नाम वा ठेगाना सच्याउने अन्तिम मिति : २०७७ साल चैत्र मसान्त**

**कनकाई घाट संस्था, कनकाई नगरपालिका-४, कोटीहोम, झापा। सम्पर्क : ०२३-५५२६२५ (कार्यालय)। ९८४२६७८७८९ (खेम शिवाकोटीः कार्यालय सचिव)**

### आजीवन सदस्यहरु

| | | | |
|---|---|---|---|
| ३१ | मदन गोपाल सुब्बा | विर्तामोड | १०,०००।०० |
| ३२ | खेम शिवाकोटी | कनपा-४ | १०,०००।०० |
| ३३ | सुमित्रा प्रसाई | दमक | १०,०००।०० |
| ३४ | मुनादेवी उप्रेती | कनपा-३ | १०,०००।०० |
| ३५ | यज्ञप्रसाद आचार्य | कनपा-३ | १०,०००।०० |
| ३६ | पर्शुराम+ पुण्यमया मैनाली | विर्तामोड-५ | १०,०००।०० |
| ३७ | मदन प्रसाई | क.न.पा.-५ | १०,०००।०० |
| ३८ | नारायण प्रसाद सिटौला | अर्जुधारा-७ | १०,०००।०० |
| ३९ | तोयानाथ प्रसाई | धाइजन | १०,२००।०० |

### संस्थापक सदस्यको विवरण

| क्र.सं | नाम/थर | ठेगाना |
|---|---|---|
| ५०० | फिपध्वज काम्बाङ | अनारमनी-३ |
| ५०१ | वेदप्रकाश अग्रवाल | अनारमनी |
| ५०२ | बिर्ख बहादुर कार्की | अर्जुनधारा |
| ५०३ | बालकृष्ण मैनाली | सुरुङ्गा-५ |
| ५०४ | वेनु प्रसाद दाहाल | सुरुङ्गा-५ |
| ५०५ | विष्णु गौतम | जयपुर |
| ५०६ | विवम आचार्य | काकडभिट्टा |
| ५०७ | विष्णुप्रसाद संग्रौला | सुरुङ्गा-५ |
| ५०८ | विशाल शिवाकोटी | शनिश्चरे |
| ५०९ | विष्णु+जमुना प्रसाई | अनारमनी, ७ |
| ५१० | वुद्धदेव घिमिरे | सुरुङ्गा-५ |
| ५११ | बलबहादुर काफ्ले | सुरुङ्गा-५ |
| ५१२ | विश्वनवीन उप्रेती | सुरुङ्गा-५ |
| ५१३ | विष्णु प्रसाद खवास | सुरुङ्गा-५ |
| ५१४ | विष्णु शाह | सुरुङ्गा-५ |
| ५१५ | वनवारीलाल+निरञ्जन अग्रवाल | अनारमनी-३ |
| ५१६ | वसन्त सोनामी | शनिश्चरे |
| ५१७ | बद्रिकुमार दाहाल | सुरुङ्गा-४ |
| ५१८ | वालकृष्ण प्रसाई | सुरुङ्गा-५ |
| ५१९ | विष्णुप्रसाद उप्रेती | अनारमनी, ३ |
| ५२० | बद्रि प्रसाद उप्रेती | हल्दिबारी, ७ |
| ५२१ | वसन्त कार्की | सुरुङ्गा-४ |
| ५२२ | विरु थापा | अनारमनी, ३ |
| ५२३ | व्रम्हलाल+गंगा उप्रेती | सुरुङ्गा-९ |
| ५२४ | विनोद बस्नेत | चारपाने |
| ५२५ | विकास भण्डारी | सुरुङ्गा |
| ५२६ | विष्णुप्रसाद चुडाल | घैलाडुब्बा |
| ५२७ | वल्लभकुमार गौतम (स्व.छविलाल) | सुरुङ्गा-५ |
| ५२८ | वेदप्रसाद मैनाली | सुरुङ्गा-४ |
| ५२९ | विनोदकुमार ओली | अर्जुनधारा-२ |
| ५३० | बद्रिप्रसाद प्रसाई | सुरुङ्गा-७ |
| ५३१ | वेदप्रसाद खरेल | गरामनी-१ |
| ५३२ | विष्णुप्रसाद संग्रौला | अनारमनी-३ |
| ५३३ | बालकृष्ण रिजाल | दुहागडी-६ |
| ५३४ | वेदान्त ठकुरी | अनारमनी-३ |
| ५३५ | बालकृष्ण उप्रेती | सुरुङ्गा-९ |
| ५३६ | बिष्णु+इन्दिरा सिटौला | शरणामती-९ |
| ५३७ | विजेन्द्र अग्रवाल | अनारमनी-४ |
| ५३८ | वाशुदेव शर्मा चुडाल | ललितपुर |
| ५३९ | बलराम चुडाल | मृगौलिया-६ |
| ५४० | विष्णुप्रसाद सिटौला | सुरुङ्गा-९ |
| ५४१ | वीरवहादुर विश्वकर्मा | अनारमनी-३ |
| ५४२ | बुद्धि प्रसाद घिमिरे | अनारमनी-३ |
| ५४३ | विकाश उप्रेती | सुरुङ्गा-५ |
| ५४४ | बाबुराम कार्की | शनिश्चरे |
| ५४५ | ब्रम्हलाल उप्रेती (शर्मा) | सुरुङ्गा-५ |
| ५४६ | विष्णु बहादुर राई | शनिश्चरे-७ |
| ५४७ | वेद प्रसाद दाहाल | चारपाने-७ |
| ५४८ | विष्णु बहादुर बस्नेत | अनारमनी-४ |
| ५४९ | बुद्धिराज तिवारी | सुरुङ्गा-५ |
| ५५० | विनोद चापागाई | चन्द्रगडी-६ |
| ५५१ | विश्वनाथ ढकाल | बुधबारे-६ |
| ५५२ | विनोद मोक्तान | बुधबारे-९ |
| ५५३ | विनिता पौड्याल | बुधबारे-६ |
| ५५४ | विजयलक्ष्मी खरेल | सुरुङ्गा-५ |
| ५५५ | वसन्त कुमार चापागाई | जलथल-४ |
| ५५६ | भक्तिप्रसाद न्यौपाने | सतासी-७ |
| ५५७ | भवानी प्रसाद मैनाली | सुरुङ्गा-४ |
| ५५८ | भवानीप्रसाद+ मायादेवी कडरिया | डाँगीवारी-४ |
| ५५९ | भक्तिप्रसाद संग्रौला | सुरुङ्गा-९ |
| ५६० | भक्तिप्रसाद उप्रेती | सुरुङ्गा-५ |
| ५६१ | भक्तिप्रसाद प्रसाई | सुरुङ्गा-५ |
| ५६२ | भीमप्रसाद संग्रौला | सुरुङ्गा-९ |
| ५६३ | भानु शिवाकोटी | चारपाने, १ |
| ५६४ | भिष्मप्रसाद मैनाली | सुरुङ्गा-८ |
| ५६५ | भरतकुमार+निता श्रेष्ठ | सुरुङ्गा- ५ |
| ५६६ | भीमप्रसाद अधिकारी | सुरुङ्गा-४ |
| ५६७ | भक्तबहादुर पौड्याल | सुरुङ्गा-८ |
| ५६८ | भीमचन्द्र भट्टराई | अर्जुनधारा, ४ |
| ५६९ | भक्ति (स्व.पुण्यप्रसाद) पाठक | सुरुङ्गा-५ |
| ५७० | भगवती क[redacted] | सुरुङ्गा-९ |
| ५७१ | भवानीप्रसा[redacted] | अनारमनी, ४ |
| ५७२ | भानुभक्त [redacted] | थुम्बेदिन-७ |
| ५७३ | भेषराज [redacted] | अर्जुनधारा, ६ |
| ५७४ | भूमिप्रसाद [redacted] | सतासिधाम, ७ |
| ५७५ | भरतकुमार[redacted] | सुरुङ्गा-९ |
| ५७६ | भीमबहादुर[redacted] | हल्दीबारी-४ |
| ५७७ | भीमा+नरप्र[redacted] | जलथल-६ |
| ५७८ | भीमबहादुर[redacted] | शिवगञ्ज-५ |
| ५७९ | भक्ति अधि[redacted] | भद्रपुर-४ |
| ५८० | भवानी प्रस[redacted] | अनारमनी-३ |
| ५८१ | भुपा[redacted] | [redacted]रमनी-६ |
| ५८२ | भरत[redacted] | [redacted]रमनी-३ |
| ५८३ | भरत कुमार शिवाकोटी | जलथल-६ |
| ५८४ | भानुभक्त कट्टेल | सुरुङ्गा-५ |
| ५८५ | भाष्कर कार्की | अर्जुनधारा-४ |
| ५८६ | भगीरथ+द्रौपदा लुइटेल | शनिश्चरे-३ |
| ५८७ | भक्ति अधिकारी | भद्रपुर-३ |
| ५८८ | भद्र प्रसाद चुडाल | अनारमनी-७ |
| ५८९ | भरत कुमार चौधरी | अनारमनी-३ |
| ५९० | भीम बहादुर कडरिया | अनारमनी-२ |
| ५९१ | भिष्म राज खरेल | अनारमनी-३ |
| ५९२ | भुपाल प्रसाद खरेल | अनारमनी-३ |
| ५९३ | भीम प्रसाद भट्टराई | सुरुङ्गा-५ |
| ५९४ | भोलानाथ भेट्वाल | घैलाडुब्बा-८ |
| ५९५ | भवानी प्रसाद ढुङ्गेल | चारपाने-६ |
| ५९६ | भवानी प्रसाद राजवंशी | चारपाने-३ |
| ५९७ | भागवत शरण कुइकेल | सुरुङ्गा-५ |
| ५९८ | भवानी प्रसाद लुइटेल | सुरुङ्गा-९ |
| ५९९ | भविन्द के.सी. | इन्द्रपुर, मोरङ |
| ६०० | भीम+सरस्वती कार्की | गरामनी, ३ |
| ६०१ | भीम प्रसाद संग्रौला | डागीबारी-४ |
| ६०२ | भुपेन्द्र+उर्मिला अर्याल | कन्याम, २ इलाम |
| ६०३ | भिष्म उप्रेती | सुरुङ्गा-५ |
| ६०४ | मदन गोपाल सुब्बा | चारपाने |
| ६०५ | मदनलाल गुप्ता | भद्रपुर |
| ६०६ | मेदनी प्रसाद मैनाली | गरामनी-९ |
| ६०७ | मोतीलाल माझी | सुरुङ्गा-५ |
| ६०८ | मीनकुमार श्रेष्ठ (प्रधान) | सुरुङ्गा-५ |
| ६०९ | मिनाल तिम्सिना | सुरुङ्गा-५ |
| ६१० | माधव मैनाली | सुरुङ्गा-५ |
| ६११ | मदन कुमार उप्रेती | सुरुङ्गा-५ |
| ६१२ | मोहन कुमार न्यौपाने | सुरुङ्गा-५ |
| ६१३ | मनिस राजपाल | वीरगञ्ज |
| ६१४ | मोहनलाल राजपाल | वीरगञ्ज |
| ६१५ | मोतिखर ओझा | क.न.पा-५ |
| ६१६ | मार्स प्रसाई | धुलाबारी |
| ६१७ | महादेवलाल अग्रवाल | धुलाबारी |
| ६१८ | मेदनीप्रसाद खरेल | सुरुङ्गा-८ |
| ६१९ | मनराम श्रेष्ठ | संखुवासभा |
| ६२० | मदन+उमा अधिकारी | भोजपुर |
| ६२१ | मुनादेवी श्रेष्ठ | सुरुङ्गा-५ |
| ६२२ | मातृकाप्रसाद सिटौला | सुरुङ्गा- २ |
| ६२३ | मनोहरि संग्रौला | विर्तामोड |
| ६२४ | मोहन उप्रेती | गरामनी-९ |
| ६२५ | मदनकृष्ण उप्रेती | सुरुङ्गा-९ |
| ६२६ | मीनप्रसाद खतिवडा | सुरुङ्गा-५ |
| ६२७ | माधव पोखेल | सुरुङ्गा-५ |
| ६२८ | महेन्द्रकुमार गिरी | चारपाने, ३ |
| ६२९ | मनमाया श्रेष्ठ | सुरुङ्गा-५ |
| ६३० | महेन्द्र बिमली | सुरुङ्गा-५ |
| ६३१ | मेदनी प्रसाद उप्रेती | डाँगीवारी-८ |
| ६३२ | मानबहादुर पौड्याल | सुरुङ्गा-५ |
| ६३३ | मीनादेवी पौड्याल | सुरुङ्गा-५ |
| ६३४ | मोहन ढकाल | अनारमनी-३ |
| ६३५ | मदन खड्का | अनारमनी-६ |
| ६३६ | महेन्द्र पोखेल | अनारमनी |
| ६३७ | मेदनी प्रसाद शिवाकोटी | अनारमनी-३ |
| ६३८ | मोहन शिवाकोटी | अनारमनी-६ |
| ६३९ | मदन शिवाकोटी | अनारमनी-६ |
| ६४० | मोतीराम तिम्सिना | सुरुङ्गा-५ |
| ६४१ | मनमाया मैनाली | सुरुङ्गा-५ |
| ६४२ | मोहन कुमार+गोमा भेट्वाल | मे.न.पा. १० |
| ६४३ | माधव गौतम | सुरुङ्गा-५ |
| ६४४ | महेन्द्रकुमार जैन | सिलिगुडी |
| ६४५ | मोहन लाल गिरी | बुधबारे-९ |
| ६४६ | मृगेन्द्र लिङदेन | अनारमनी |
| ६४७ | मोहन प्रसाद ओली | अनारमनी-३ |
| ६४८ | मदन कुमार चुडाल | घैलाडुब्बा-९ |
| ६४९ | माधव प्रसाद बिमली | शिवगञ्ज-१ |
| ६५० | मिठु संग्रौला | सुरुङ्गा-५ |
| ६५१ | मेघराज अग्रवाल | अनारमनी-३ |
| ६५२ | मोहन प्रसाद+हिमा शिवाकोटी | शनिश्चरे-५ |
| ६५३ | मनोहर अग्रवाल | अनारमनी-३ |
| ६५४ | मदन+सावित्रा ढकाल | चारपाने, १ |
| ६५५ | मेदनी प्रसाद सिलवाल | डाँगीवारी-८ |
| ६५६ | मीनप्रकाश मैनाली | अनारमनी-३ |
| ६५७ | आ.मोहनान्द भारद्वाज | सुरुङ्गा-४ |
| ६५८ | महेन्द्र सिटौला | अनारमनी-३ |
| ६५९ | मनोज प्रसाई | गरामनी-७ |
| ६६० | मदन थपलिया | गोलधाप-४ |
| ६६१ | मदनकुमार मित्तल | अनारमनी |
| ६६२ | मनेश दाहाल | बुधबारे-५ |
| ६६३ | मित्र का□ले | फिदिम (पाँचथर) |
| ६६४ | माधव कृष्ण प्रसाई | अर्जुनधारा-९ |
| ६६५ | मोहन शिवाकोटी | अनारमनी-७ |
| ६६६ | मातृका+इन्दिरा पाठक | गरामनी-२ |
| ६६७ | मानबहादुर खड्का | सतासी-८ |
| ६६८ | मेनुका मैनाली | सुरुङ्गा-५ |
| ६६९ | मुक्तिप्रसाद तिम्सिना | अनारमनी-३ |
| ६७० | मोहन प्रसाद अधिकारी | दमक-१० |
| ६७१ | मेघराज+सावित्रा चौहान | अर्जुनधारा-६ |
| ६७२ | मेदनीप्रसाद कडरिया | उर्लाबारी-४ |
| ६७३ | मोहन कुमार श्रेष्ठ | सुरुङ्गा-३ |
| ६७४ | युवराज संग्रौला | सुरुङ्गा-५ |
| ६७५ | यमबहादुर पोखेल | सुरुङ्गा-४ |
| ६७६ | युवराज मैनाली | सुरुङ्गा-५ |
| ६७७ | यदुप्रसाद लुइटेल | सुरुङ्गा-८ |
| ६७८ | यदुनाथ खतिवडा | सुरुङ्गा-४ |
| ६७९ | याम बहादुर अधिकारी | सुरुङ्गा-७ |
| ६८० | युवराज उप्रेती | सुरुङ्गा-५ |
| ६८१ | यदुनाथ चुडाल | सुरुङ्गा-५ |
| ६८२ | यज्ञराज ओली | शिवगञ्ज, ९ |
| ६८३ | योगेन्द्रप्रसाद पाठक (राजु) | सुरुङ्गा-५ |
| ६८४ | यदुनाथ अधिकारी+टीका | सुरुङ्गा-९ |
| ६८५ | योगेन्द्रप्रसाद पौड्याल | शनिश्चरे, ९ |
| ६८६ | युवराज पाण्डे | अनारमनी, ६ |
| ६८७ | युवराज दाहाल | सुरुङ्गा-८ |
| ६८८ | यामनाथ सेडाई | सुरुङ्गा-९ |
| ६८९ | यज्ञ बहादुर कडरिया | शनिश्चरे, ५ |
| ६९० | याम प्रसाद श्रेष्ठ | सुरुङ्गा-५ |
| ६९१ | युवराज काफ्ले | शनिश्चरे, ७ |
| ६९२ | युवराज रेग्मी (यज्ञनिधी) | शनिश्चरे, ८ |
| ६९३ | युवराज कडरिया | चारपाने, ३ |
| ६९४ | युवराज भट्टराई | गरामनी, २ |
| ६९५ | यादव कुमार ओली | अनारमनी, २ |
| ६९६ | युवराज बिमली | अनारमनी, १ |
| ६९७ | यज्ञ बहादुर भट्टराई | उर्लाबारी (मोरङ) |
| ६९८ | रामप्रसाद बारकोटी | चारपाने |
| ६९९ | रामचन्द्र प्रसाई | सुरुङ्गा-५ |
| ७०० | राधेश्याम अग्रवाल | सुरुङ्गा-५ |
| ७०१ | राजेन्द्र मैनाली | सुरुङ्गा-५ |
| ७०२ | स्व.रामकुमार सरीया | अनारमनी, ३ |
| ७०३ | रामकुमार निरौला | चारपाने, १ |
| ७०४ | राजेन्द्रप्रसाद प्रसाई | सुरुङ्गा-५ |
| ७०५ | रामबहादुर वानिया | सुरुङ्गा-५ |
| ७०६ | रामचन्द्र सिटौला | सुरुङ्गा-५ |
| ७०७ | रामकली वंशल | अनारमनी |
| ७०८ | राजु राजवंशी | विर्तामोड, ७ |
| ७०९ | रवीन्द्रकुमार खत्री | सुरुङ्गा-५ |
| ७१० | रमेश हुमागाई | सुरुङ्गा-५ |
| ७११ | रत्न प्रसाद आचार्य | गरामनी |
| ७१२ | रामभक्त उप्रेती | घैलाडुब्बा, १ |
| ७१३ | रामबहादुर तिम्सिना | सुरुङ्गा-५ |
| ७१४ | रमेश अधिकारी | मे.न.पा.,७ |
| ७१५ | रवीचन्द्र हृदय खनाल | वुधबारे, ६ |
| ७१६ | रमेश खतिवडा | सुरुङ्गा-५ |
| ७१७ | राजकुमार कार्की | सुरुङ्गा-५ |
| ७१८ | राजेश सुवेदी | सुरुङ्गा-५ |
| ७१९ | रमेशकुमार मिस्त्री | |
| ७२० | रामप्रसाद थापा मगर | सुरुङ्गा-३ |
| ७२१ | रामप्रसाद मैनाली | सुरुङ्गा-५ |
| ७२२ | रामलाल कडरिया | गोलधाप, १ |
| ७२३ | रत्ना राई | सुरुङ्गा-५ |
| ७२४ | राजु खरेल | गरामनी, ४ |
| ७२५ | रामप्रसाद घिमिरे | सुरुङ्गा-४ |
| ७२६ | रामप्रसाद प्रसाई | सुरुङ्गा-९ |
| ७२७ | रुद्रप्रसाद उप्रेती | सुरुङ्गा-४ |
| ७२८ | रघुनाथ+तुलसा भट्टराई | सुरुङ्गा-५ |
| ७२९ | राम उप्रेती | अनारमनी |
| ७३० | डा.राज शर्मा (सेडाई) | विराटनगर |
| ७३१ | रुद्र भुजेल | चारपाने, १ |
| ७३२ | रवी सिलवाल | सुरुङ्गा-५ |
| ७३३ | रामप्रसाद खरेल | सुरुङ्गा-५ |
| ७३४ | राम न्यौपाने | सुरुङ्गा-९ |
| ७३५ | राजेन्द्र कुमार पोखेल | सुरुङ्गा-१ |
| ७३६ | राम प्रसाद शिवाकोटी | सुरुङ्गा-४ |
| ७३७ | रोमादेवी खतिवडा | घैलाडुब्बा, ५ |
| ७३८ | रेखा बुढाथोकी | सुरुङ्गा-५ |
| ७३९ | रामबालक दास | सुरुङ्गा-५ |
| ७४० | राजेन्द्र चुडाल | अनारमनी, २ |
| ७४१ | रोमन गिरी | चारपाने, ५ |
| ७४२ | रेवबहादुर बुढाथोकी | सौडियान-३ दाङ |
| ७४३ | राजकुमार कार्की | भद्रपुर, २ |
| ७४४ | रिमा लिङदेन गिरी | चारपाने, ५ |
| ७४५ | राजेशप्रसाद प्रसाई | अनारमनी, ३ |
| ७४६ | राजेश मित्तल | अनारमनी, ४ |
| ७४७ | राजेन्द्र संग्रौला | अनारमनी, ४ |
| ७४८ | रत्नबहादुर डा'गी | अनारमनी, ६ |
| ७४९ | रामनारायण चौधरी | विर्तामोड |
| ७५० | रामबहादुर खड्का | अर्जुनधारा, ४ |
| ७५१ | रामचन्द्र प्रसाई | अनारमनी, ३ |
| ७५२ | राजेन्द्र घिमिरे | भद्रपुर |
| ७५३ | रामेश्वरकान्त द्विवेदी | अनारमनी-३ |
| ७५४ | राजेन्द्रकुमार पारिक | अनारमनी-४ |
| ७५५ | रमेश अग्रवाल | अनारमनी-३ |
| ७५६ | रामप्रित शर्मा | अनारमनी-४ |
| ७५७ | रामबाबु महर्जन | सुरुङ्गा-५ |
| ७५८ | रामचन्द्र प्रसाई | अनारमनी-३ |
| ७५९ | रामबहादुर विष्ट | धाइजन-६ |
| ७६० | राजेश सोनी | अनारमनी-४ |
| ७६१ | रामेश्वर दास अग्रवाल | अनारमनी-३ |
| ७६२ | राजेशमणि ढकाल | शनिश्चरे-८ |
| ७६३ | राममाया प्रसाई | शनिश्चरे-९ |
| ७६४ | राजेश प्रसाई | सुरुङ्गा-५ |
| ७६५ | राजकुमार कट्टेल | सुरुङ्गा-५ |
| ७६६ | राजु न्यौपाने | अनारमनी-२ |
| ७६७ | रामलोचन न्यौपाने | चारपाने-१ |
| ७६८ | राजेन्द्र थापा | अनारमनी-३ |
| ७६९ | राजन अधिकारी | |
| ७७० | रुद्र चापागाई | बुधबारे-९ |
| ७७१ | राधा सुब्बा | चारपाने-१ |
| ७७२ | राधिका कडरिया | सुरुङ्गा-५ |
| ७७३ | रमेश कुमार भुजेल | बुधबारे-५ |
| ७७४ | रमेश श्रेष्ठ | सुरुङ्गा-३ |
| ७७५ | राम कुमार कन्दङ्वा | अनारमनी-१ |
| ७७६ | रस्मीना न्यौपाने | अर्जुनधारा-३ |
| ७७७ | राजकुमार पोखरेल | अनारमनी-४ |
| ७७८ | रमेश सेडाई | अनारमनी-६ |
| ७७९ | राधिकादेवी थपलिया | घैलाडुबा-६ |
| ७८० | राजकिशोर चौधरी | सुरुङ्गा-५ |
| ७८१ | रुद्र प्रसाद चिमरिया | सुरुङ्गा-५ |
| ७८२ | रुपक खनाल | अनारमनी-४ |
| ७८३ | स्व. रमिती अधिकारी | अनारमनी-३ |
| ७८४ | रेणु प्रकाश ओली | अनारमनी-४ |
| ७८५ | राजेन्द्र कुमार बिमली | अनारमनी-१ |
| ७८६ | लोकवन्धु कन्दङ्वा | अनारमनी |
| ७८७ | लक्ष्मीदेवी कोईराला | सुरुङ्गा-४ |
| ७८८ | लयप्रसाद भण्डारी | वुधबारे |
| ७८९ | लोकनाथ खनाल | चारपाने |
| ७९० | लता चिमरिया | कनकाई-३ |
| ७९१ | लक्ष्मीप्रसाद उप्रेती | सुरुङ्गा-९ |
| ७९२ | लक्ष्मीप्रसाद बास्तोला | सुरुङ्गा-५ |
| ७९३ | पं. लेखनाथ दाहाल | अर्जुनधार-६ |
| ७९४ | लक्ष्मी उप्रेती | सुरुङ्गा- ९ |
| ७९५ | लक्ष्मण पाठक | डाँगीवारी-७ |
| ७९६ | लक्ष्मण+चम्पा सुवेदी | सुरुङ्गा-५ |
| ७९७ | लोकनाथ तिवारी | सुरुङ्गा-४ |
| ७९८ | लीला संग्रौला | वुधबारे-६ |
| ७९९ | लक्ष्मण प्रसाद पोखेल | सुरुङ्गा-५ |
| ८०० | लक्ष्मी प्रसाद बारकोटी | घैलाडुब्बा-५ |
| ८०१ | लक्ष्मीदेवी गिरी | चारपाने-५ |
| ८०२ | लक्ष्मी शिवाकोटी | गरामनी-९ |
| ८०३ | लक्ष्मी शिवाकोटी | जलथल-६ |
| ८०४ | लक्ष्मण कुमार भण्डारी | मंगलबारे-१ |
| ८०५ | डा. लक्ष्मी प्रसाद मैनाली | अनारमनी-३ |
| ८०६ | लय प्रसाद उप्रेती | सुरुङ्गा-९ |
| ८०७ | लक्ष्मी प्रसाद संग्रौला | सुरुङ्गा-४ |
| ८०८ | लिला चिमरिया | क.न.पा.-३ |
| ८०९ | लिला तिम्सिना | सुरुङ्गा-५ |
| ८१० | लोकनाथ+हेमकला पौड्याल | शनिश्चरे-२ |
| ८११ | लिलाराज बजगाई | अनारमनी-४ |
| ८१२ | लक्ष्मी मैनाली | अनारमनी-३ |
| ८१३ | लोकमान श्रेष्ठ | टाघनडुब्बा |
| ८१४ | लक्क्षीमा संग्रौला | बुधवारे, ६ |
| ८१५ | लक्ष्मी उदास | विर्तामोड |
| ८१६ | लक्ष्मण खड्का | अनारमनी-८ |
| ८१७ | लोकनाथ ओली | सुरुङ्गा-५ |
| ८१८ | लोकनाथ प्रसाई | |
| ८१९ | सागर बाबु उप्रेती | अनारमनी-४ |
| ८२० | सूर्यप्रसाद उप्रेती | सुरुङ्गा-५ |
| ८२१ | सुरेशकुमार कडरिया | डाँगीवारी-४ |
| ८२२ | शान्तिराम कडरिया | दुवागडी, ८ |
| ८२३ | शान्तिकुमारी जमरकट्टेल | सुरुङ्गा-५ |
| ८२४ | शिवशंकर महासेठ | सुरुङ्गा-५ |
| ८२५ | स्व. श्रीप्रसाद ओली | सुरुङ्गा-५ |
| ८२६ | श्रीप्रसाद खरेल | सुरुङ्गा-५ |
| ८२७ | श्याम+तुलसा मैनाली | सुरुङ्गा-५ |
| ८२८ | श्याम वंशल | अनारमनी |
| ८२९ | शिवराज खड्का | सुरुङ्गा-५ |
| ८३० | शम्भु भण्डारी | चारपाने |
| ८३१ | सन्तोष शर्मा | शनिश्चरे |
| ८३२ | शिवहरि मैनाली | सुरुङ्गा-४ |
| ८३३ | सीतादेवी दाहाल | सुरुङ्गा-४ |
| ८३४ | श्यामकुमार पौड्याल | सुरुङ्गा-५ |
| ८३५ | शारदा प्रसाई (पाठक) | सुरुङ्गा-५ |
| ८३६ | सरला पोखेल | सुरुङ्गा-१ |
| ८३७ | श्रीप्रसाद सिटौला | गरामनी, २ |
| ८३८ | सचिन (स्व.डि.बि.) लामा | सुरुङ्गा-९ |
| ८३९ | सोमनाथ उप्रेती | सुरुङ्गा-५ |
| ८४० | सपन प्रसाद ब्रम्हन | सुरुङ्गा-५ |
| ८४१ | शुकदेव तिम्सिना | सुरुङ्गा-५ |
| ८४२ | शान्तरत्न शाक्य | अनारमनी, ६ |
| ८४३ | सुदर्शन दाहाल | सुरुङ्गा-४ |
| ८४४ | शिव प्रसाद खरेल (स्व.अग्निप्रसाद) | घैलाडुब्बा, २ |
| ८४५ | सीता भट्टराई | सुरुङ्गा-४ |
| ८४६ | शिवकुमार साहेवाला | विर्तामोड |
| ८४७ | श्रीप्रसाद बिमली | सुरुङ्गा-८ |
| ८४८ | सीतादेवी दास | सुरुङ्गा-५ |
| ८४९ | शान्ता अधिकारी | सुरुङ्गा-५ |
| ८५० | सुनिता गिरी | अनारमनी, ३ |
| ८५१ | शंकर गिरी | अनारमनी, ३ |
| ८५२ | संदिप गिरी | चारपाने, ५ |
| ८५३ | सन्तोष गिरी | अनारमनी, ३ |
| ८५४ | सक्षम गिरी | चारपाने, ५ |
| ८५५ | सन्तोष न्यौपाने | दुहागडी, ४ |
| ८५६ | शिवकुमार कडरिया | अनारमनी, ३ |
| ८५७ | शारदा मैनाली | सुरुङ्गा-९ |
| ८५८ | सरस्वता शिवाकोटी | अनारमनी, ४ |
| ८५९ | सुरज विमली | अर्जुनधारा, ९ |
| ८६० | शेर बहादुर थापा | घैलाडुब्बा, ७ |
| ८६१ | संजय शिवाकोटी | अर्जुनधारा, ४ |
| ८६२ | सुरेश भट्टराई | अर्जुनधारा, ४ |
| ८६३ | सुमन+पवित्रा खड्का | अर्जुनधारा, ४ |
| ८६४ | सुरेश मित्तल | मित्तल सिमेन्ट |
| ८६५ | श्रीकृष्ण चुडाल | अनारमनी, ४ |
| ८६६ | सन्तोष अग्रवाल | अनारमनी, ४ |
| ८६७ | सुरेश कुमार अग्रवाल | भद्रपुर, ४ |
| ८६८ | सावित्रा खनाल (मिश्र) | सुरुङ्गा-५ |
| ८६९ | सरिता महर्जन (प्रधान) | पञ्चकन्या-१ इलाम |
| ८७० | सविता महर्जन | सुरुङ्गा-५ |
| ८७१ | सुजन कफ्ले (निरौला) | सुरुङ्गा-५ |
| ८७२ | श्याम ढकाल | खजुरगाछी, ७ |
| ८७३ | सरोज कुमार मैनाली | अनारमनी, ४ |
| ८७४ | संजय सारन | अनारमनी, ३ |
| ८७५ | सुधादेवी गट्टानी | शरनश्चरे, ८ |
| ८७६ | सुरेस अग्रवाल (इलामे) | अनारमनि, ३ |
| ८७७ | शोभा दाहाल (कर्ण) | विराटनगर |
| ८७८ | श्रीप्रसाद बिमली | अर्जुनधारा, ९ |
| ८७९ | सुरेश वंशल | अनारमनी |
| ८८० | सरोज सिटौला | सुरुङ्गा-५ |
| ८८१ | सतप्रकाश गोयल | सिलिगुडी |
| ८८२ | शम्भुदयाल गोयल | सुरुङ्गा-५ |
| ८८३ | शेखर सिटौला | शनिअर्जुन, ४ |
| ८८४ | सन्तोस रिजाल | सुरुङ्गा-४ |
| ८८५ | सोमनाथ खतिवडा | सुरुङ्गा-४ |
| ८८६ | शरद खनाल | मे.न.पा |
| ८८७ | शरद आचार्य | बुधबारे, १ |
| ८८८ | शंकर प्रसाद उप्रेती | सुरुङ्गा-९ |
| ८८९ | शिव प्रसाद भण्डारी | गरामनी, १ |
| ८९० | सावित्रा ओली | सुरुङ्गा-२ |
| ८९१ | सूर्य कन्दङ्वा | अनारमनी, १ |
| ८९२ | सुरेन्द्र+ कला संग्रौला | चारपाने-८ |
| ८९३ | सावित्रा सिटौला | शनिश्चरे |
| ८९४ | शुभद्रा कडरिया | सुरुङ्गा-५ |
| ८९५ | शम्भु प्रसाद पोखरेल | अनारमनी, ९ |
| ८९६ | शेर बहादुर पौडेल | घैलाडुबा, ३ |
| ८९७ | सुमन कार्की | सुरुङ्गा-५ |
| ८९८ | सुमित्रा कडरिया | उर्लाबारी-४ |
| ८९९ | सचिन शाक्य | उर्लाबारी-४ |
| ९०० | सेखर ढकाल | चारपाने, १ |
| ९०१ | शीला ढकाल | चारपाने, १ |
| ९०२ | होमकुमारी कुमाल | सुरुङ्गा-५ |
| ९०३ | हर्कबहादुर खड्का | सुरुङ्गा-५ |
| ९०४ | हिरण्य कुमार राई | सुरुङ्गा-९ |
| ९०५ | हरि अग्रवाल | सुरुङ्गा-५ |
| ९०६ | हरि शिवाकोटी | सुरुङ्गा-४ |
| ९०७ | हेमन्त प्रसाई | चारपाने |
| ९०८ | होमनाथ खतिवडा | घैलाडुब्बा, ३ |
| ९०९ | हेमन्त मैनाली | सुरुङ्गा-५ |
| ९१० | हरिप्रसाद पोखेल | पथरिया, ७ |
| ९११ | हिमादेवी उप्रेती | सुरुङ्गा-५ |
| ९१२ | हरिचन्द्र शिवाकोटी | सुरुङ्गा-४ |
| ९१३ | हजेन्द्र बहादुर खड्का | सुरुङ्गा-४ |
| ९१४ | हरिप्रसाद+सरस्वता उप्रेती | डाँगीवारी, ७ |
| ९१५ | हिरण्य प्रसाद सुवेदी | सुरुङ्गा-५ |
| ९१६ | हलेसी टायर रिसोलिङ सेन्टर | अनारमनी, १ |
| ९१७ | हरि प्रसाद सेडाई | सुरुङ्गा-५ |
| ९१८ | हिरा कुमार थापा | सुरुङ्गा-४ |
| ९१९ | होम प्रसाद बिमली | सुरुङ्गा-५ |
| ९२० | हर्कराज+लक्ष्मी श्रेष्ठ | अनारमनी, ६ |
| ९२१ | हरि+जमुना संग्रौला | घैलाडुब्बा, ४ |
| ९२२ | हेम बहादुर खड्का | घैलाडुब्बा, ९ |
| ९२३ | हरिप्रकाश गोयल | सिलीगुडी |
| ९२४ | हरिप्रसाद तिम्सिना | सुरुङ्गा- ८ |
| ९२५ | हरि गिरी | अनारमनी-३ |
| ९२६ | हनुमान मित्तल | अनारमनी-४ |
| ९२७ | हरिमाया मैनाली | अनारमनी-४ |
| ९२८ | हरिशंकर अग्रवाल | अनारमनी-४ |
| ९२९ | हरि पोखेल | अनारमनी-४ |
| ९३० | हेमराज+इन्दिरा सापकोटा | अर्जुनधारा-७ |
| ९३१ | हरिचन्द्र सेडाई | शरणामती-५ |
| ९३२ | हरिचरण सिवाकोटी | गरामनी-८ |
| ९३३ | हरिकुमार प्रसाई | अनारमनी-३ |
| ९३४ | हेम+लक्ष्मी कट्टेल | सुरुङ्गा-५ |
| ९३५ | हेमन्त राई | पञ्चमी-५ इलाम |
| ९३६ | हरिप्रसाद भट्टराई | बुधबारे-९ |
| ९३७ | हरिप्रसाद कडरिया | चारपाने |
| ९३८ | हिरादेवी पोखरेल | चारपाने-३ |
| ९३९ | त्रिलोचन चिमरिया | सुरुङ्गा-५ |
| ९४० | त्रिलोचन संग्रौला | घैलाडुब्बा-५ |
| ९४१ | त्रिलोचन पोखेल | अनारमनी-१ |
| ९४२ | ज्ञानु बस्नेत | तोपगाछी-३ |
| ९४३ | ज्ञानेन्द्र सिवाकोटी | सुरुङ्गा-७ |
| ९४४ | ज्ञाननाथ पौड्याल | बुधबारे-६ |
| ९४५ | आशा शर्मा (शिवाकोटी) | सुरुङ्गा-५ |
| ९४६ | अर्जुन थपलिया | घैलाडुब्बा-३ |
| ९४७ | अर्जुन कुमार संग्रौला | सुरुङ्गा-८ |
| ९४८ | अग्नि प्रसाद सिटौला | सुरुङ्गा-५ |
| ९४९ | अनिल कुमार गोयल | सुरुङ्गा-५ |
| ९५० | अम्बिका उप्रेती | सुरुङ्गा-९ |
| ९५१ | अम्बर बहादुर निरौला | सुरुङ्गा-८ |
| ९५२ | ओमबहादुर सार्की (स्व.हर्क बहादुर) | सुरुङ्गा-७ |
| ९५३ | आशीष घिमिरे | सुरुङ्गा-५ |
| ९५४ | अर्जुनकुमार उप्रेती | गरामनी |
| ९५५ | अविकेशर शिवाकोटी | धुलाबारी-१ |
| ९५६ | अम्बिकादेवी खरेल | सुरुङ्गा-५ |
| ९५७ | अमोद आचार्य | मे.न.पा.-१२ |
| ९५८ | ओमप्रकाश शिवाकोटी | घैलाडुब्बा-८ |
| ९५९ | अशोक कुमार अग्रवाल | विराटनगर |
| ९६० | अम्बिकादेवी सिटौला | सुरुङ्गा-५ |
| ९६१ | ओमनाथ ढकाल | सुरुङ्गा-८ |
| ९६२ | अनुषा मैनाली | सुरुङ्गा-५ |
| ९६३ | अशोक+पुष्पा श्रेष्ठ | काठमाडौं |
| ९६४ | अमरनाथ+रूपमती श्रेष्ठ | बसुन्धरा |
| ९६५ | अर्जुनकुमार उप्रेती | अनारमनी-३ |
| ९६६ | आदित्य पराजुली | भद्रपुर-१ |
| ९६७ | स्व. अमर बहादुर कडरिया | वुधबारे |
| ९६८ | अरविन्द मित्तल | अनारमनी, ४ |
| ९६९ | अर्जुन कडरिया | चारपाने-२ |
| ९७० | अशोक कुमार श्रेष्ठ | अनारमनी-४ |
| ९७१ | अनोज घिमिरे | विरानगर-४ |
| ९७२ | अशोक ढकाल | बुधबारे-५ |
| ९७३ | अनिल+चन्दा भट्टराई | चारपाने-३ |
| ९७४ | अमृता कार्की | सुरुङ्गा-५ |
| ९७५ | ईश्वरप्रसाद+सिता सिटौला | सुरुङ्गा-५ |
| ९७६ | इन्द्रमणि कोइराला | सुरुङ्गा-५ |
| ९७७ | इन्द्रबहादुर थापा | सुरुङ्गा-५ |
| ९७८ | ईश्वरीप्रसाद शिवाकोटी | सुरुङ्गा-५ |
| ९७९ | ईश्वरीप्रसाद शर्मा कट्टेल | सुरुङ्गा-९ |
| ९८० | इन्द्रमणि सुवेदी | सुरुङ्गा-५ |
| ९८१ | इन्द्रजीवन बास्तोला | सुरुङ्गा-५ |
| ९८२ | ईश्वरादेवी उप्रेती | सुरुङ्गा-५ |
| ९८३ | इन्द्र प्रसाद ओली | सुरुङ्गा-४ |
| ९८४ | इन्दिरा दाहाल | सुरुङ्गा-८ |
| ९८५ | इन्द्र बहादुर खड्का | अर्जुनधारा |
| ९८६ | ईश्वरी बिमली | अनारमनी-३ |
| ९८७ | इन्द्र कुमार संग्रौला | चारपाने-१ |
| ९८८ | ईश्वरचन्द्र राजकुमार गोयल | सुरुङ्गा-५ |
| ९८९ | इन्द्र प्रसाई | अर्जुनधारा-८ |
| ९९० | ईश्वरादेवी उप्रेती | घैलाडुब्बा-३ |
| ९९१ | उमा उप्रेती | सुरुङ्गा- ५ |
| ९९२ | उमाप्रसाद सिटौला | सुरुङ्गा-२ |
| ९९३ | उर्मिला+विष्णु बुढाथोकी | सुरुङ्गा-९ |
| ९९४ | उपेन्द्र प्रधान | सुरुङ्गा-५ |
| ९९५ | उदयबहादुर चौहान | सुरुङ्गा-४ |
| ९९६ | उत्तमकुमार श्रेष्ठ | शनिश्चरे-८ |
| ९९७ | उद्धव थापा | शनिअर्जुन |
| ९९८ | उद्धवप्रसाद दाहाल | भद्रपुर- ५ |
| ९९९ | उमेश डालमिया | अनारमनी-४ |
| १००० | उषादेवी जिन्दल | दमक-१२ |
| १००१ | उद्धव प्रसाद अधिकारी | अनारमनी-४ |
| १००२ | उपेन्द्र प्रसाद सिंह | चन्द्रगढी |
| १००३ | उषा कुमारी कट्वाल | सुरुङ्गा-५ |
| १००४ | उमा पोखरेल | अनारमनी-९ |
| १००५ | उमानाथ मैनाली | सुरुङ्गा-९ |
| १००६ | एकराज गिरी | विर्तामोड |
| १००७ | एकराज उप्रेती | घैलाडुब्बा-२ |
| १००८ | एन.पि.बिमली | अनारमनी-३ |


## कर्मचारी आवश्यकता

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।

महिलाः १० जना पुरुषः २० जना
तलबः आपसी समझदारीमा
कार्यक्षेत्रः झापा जिल्लाभर

**पर्फेक्ट सेक्युरिटी सेन्टर**
सिटी सेन्टर पूर्व, देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## पाथीभरा सिने प्लाजामा

अंग्रेजी चलचित्र MULAN

पहिलो शो ११:४५। दोस्रो शो २:४५। तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)







ज्यो. मधुसू[redacted]
(स्वर्णपदक[redacted]
वैदिक ज्योतिष[redacted]
शनिश्चरे रो[redacted]
(९८४२०[redacted]

[redacted]ो, ला, लि, लु, ले, लो, अ) - [redacted] आम्दानीका नयाँ स्रोत फेला [redacted]को उचित मूल्यांकन हुनेछ। लाभांश [redacted]मोचन हुने सम्भावना छ।
[redacted]ए, ओ, बा, बि, बु, बे, बो) - [redacted] ईष्या गर्नेहरूले फसाउन सक्छन्। [redacted]टाढिनेछन्। फजुल खर्च बढ्न सक्छ।
[redacted] कि, कु, घ, ङ, छ, के, को, ह) - [redacted]स्य गर्दा पछि धोका पाइनेछ। अर्थ संग्रहमा बाधा पुग्नेछ। लगनशील बन्दा नियमित काम सम्पादन हुनेछन्।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** चुनौतिपूर्ण काममा खटिनुपर्ने समय रहेकाले अलि सावधान रहनुपर्ला। जिम्मेवारी पनि बढिरहनेछन्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ। मध्यान्हदेखि आयस्रोत बढ्नेछन्। अरूको मुख ताक्नाले काममा पछि परिनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। लाभांश अरूका लागि खर्चनुपर्ने स्थिति आउन सक्छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** चुनौतीहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ। मेहनतले जिम्मेवारी पनि दिलाउनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** कीर्तिमानी काम गर्ने समय छ। सहयोगीहरूले पनि हिम्मत दिलाउनेछन्। व्यापारमा राम्रो फाइदा हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अरूका लागि समय खर्चनुपर्ला। नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला। परिस्थितिले चुनौतीहरू निम्त्याउला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** गोपनीयतामा विशेष ध्यान पुऱ्याउनुहोला, दिउँसोदेखि सहयोगीहरूले साथ दिनेछन् भने भाग्यले विभिन्न अवसर जुराउनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। दाम र प्रतिष्ठा कमाउने बेला छ। नयाँ जिम्मेवारी प्राप्त हुने सम्भावना छ।